STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन ३० गते सोमबार ❑ 14 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## स्थानीय सरकारले आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्न सक्नुपर्छ : प्रम देउवा

**रासस**
**काठमाडौं, २९ फागुन**

प्रधानमन्त्री शेरबहादुर देउवाले सीमित साधनस्रोतका बाबजुद स्थानीय सरकारले जनताको अपेक्षा र भावना बमोजिमको काम समयमै सम्पन्न गरेर जनताप्रतिको आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्नसक्नुपर्ने बताउनुभएको छ ।

नेपाल नगरपालिका सङ्घको २९औँ स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा उहाँले स्थानीय सरकार लोकतन्त्रको पहिलो पाठशाला र जनताको घरआँगनको सरकार भएको बताउँदै नागरिकको नजिकको सरकार भएकाले स्थानीय तहको भूमिका संवेदनशील र जवाफदेहीपूर्ण हुनुपर्ने बताउनुभयो ।

स्थानीय सरकारले गरेका काम र प्रदान गरेको सेवासुविधाको आधारमै जनताले सरकारप्रतिको समग्र धारणा निर्माण गर्ने हुँदा नगरपालिकाहरूले जनताको मन जित्ने गरी काम गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । प्रधानमन्त्री देउवाले भन्नुभयो, "विसं २०४६ को जनआन्दोलनपश्चात् मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएपछि २०५० सालमा सम्पूर्ण नगरपालिकाहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा स्थापित यस सङ्घले विगत तीन दशकदेखि नगरपालिकालाई अधिकार सम्पन्न बनाउन र सशक्त जनप्रतिनिधिमूलक निकायका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान गर्दै आइरहेको छ ।"

उहाँले मुलुकको आधुनिकीकरण र दिगो विकासका लागि सुव्यवस्थित नगर र नगर पूर्वाधार सेवाहरू जस्तै योजनाबद्ध आवास, सुन्दर बाटोघाटो, स्वच्छ खानेपानी, ढल, पुलपुलेसा, खुला हरियाली क्षेत्र, सरसफाइ आदिको समुचित प्रबन्ध गर्न आवश्यक हुन्छ भन्नुभयो । "आज मुलुकका अधिकांश नगरपालिकाहरू अवस्थित सहरीकरणबाट गुज्रिरहेका छन् । यसले एकातिर नगरको प्राकृतिक सौन्दर्य र मौलिकतामा आघात पुगिरहेको छ भने अर्कातर्फ हाम्रा सहरहरू दिनानुदिन असुरक्षित र अस्वच्छ आवास क्षेत्रका रूपमा परिणत भइरहेका छन् । अब राजधानी सहर काठमाडौँदेखि मुलुकका ठूला साना सबै सहरलाई दिगो विकासको अवधारणाबाट अघि बढाउनुपर्ने खाँचो छ", प्रधानमन्त्री देउवाले भन्नुभयो । सहरमा जथाभावी निर्माण कार्य हुन नदिएर सुनियोजित र एकीकृत तवरले पूर्वाधार संरचनाहरूलाई विकास गर्न आवश्यक रहेको बताउँदै उहाँले मुलुकभित्रका सबै नगरपालिकाहरूलाई आ-आफ्नो मौलिक पहिचान र विशिष्टतासहित आफ्नो नगरपालिकालाई नमूना नगरपालिकाका रूपमा स्थापित गर्ने गरी कार्य गर्न अनुरोध गर्नुभयो । प्रधानमन्त्री देउवाले सबै नगरपालिकालाई सहरको मौलिक पक्षमा नकारात्मक असर नपर्ने गरी सहरलाई स्वच्छ, सुरक्षित आवासस्थलका साथै आर्थिक क्रियाकलापको हबका रूपमा विकास गर्न एकापसमा समन्वय मिलाई कार्य गर्न आग्रह गर्नुभयो । यस सङ्घले स्थानीय तहको संवैधानिक व्यवस्था, स्थानीय तह पुनःसंरचनालगायत सङ्घीयताको कार्यान्वयनमा निर्वाह गरेको भूमिका सराहनीय भएको बताउँदै उहाँले त्यसैकारण नेपाल सरकारका विभिन्न समितिहरूमा स्थानीय तहका सङ्घ-महासङ्घहरूको प्रतिनिधित्व रहेको छ भन्नुभयो ।

उहाँले स्थानीय तहको नेतृत्व विकास र दक्ष जनशक्ति उत्पादनको क्षेत्रमा सङ्घले व्यावसायिक संस्थाका रूपमा अझ प्रभावकारी रूपमा कार्य गरी स्थानीय सरकारलाई सबल र सक्षम बनाउँदै जनताको विकास र सेवा प्रवाहको मागलाई प्रभावकारी ढङ्गले सम्बोधन गर्न सघाउने कार्यमा आगामी दिनमा पनि उत्तिकै क्रियाशीलता देखाउनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

## पृथ्वीराजमार्गमा सडक विस्तारका क्रममा ३८४ रुख कटान

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ फागुन**

पृथ्वीराजमार्ग सडक खण्डअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलबारीदेखि बन्दिपुर-१को स्याउलीसम्म ३८४ रुख कटान गरिएको छ । करिब दश किलोमिटर सडक दूरीअन्तर्गत एक हजार पाँच सय रुख कटान गर्नुपर्नेमा पहिलो चरणमा उक्त सङ्ख्याका रुख कटान गरिएको हो ।

छिमेकी जिल्ला पोखराको चाइना पुलदेखि तनहुँको पूर्वी नाका मुग्लिनपुलसम्म करिब ९० किलोमिटर दूरीमा सडक विस्तार गरिने भएको छ । उक्त मार्गअन्तर्गत तीन वटा निर्माण कम्पनीले तीन प्याकेजमा सडक विस्तारका कार्य गर्नुपर्ने भए पनि हाल दुई प्याकेजमा मात्रै काम भइरहेको गजुरमुखी निर्माण कम्पनीका इञ्जिनीयर कमल श्रेष्ठले जानकारी दिनुभयो ।

जिल्लाको आँबुखैरेनीदेखि म्याग्दे गाउँपालिकाको जामुनेसम्म ४१ किलोमिटर र जामुनेदेखि पोखराको चाइनापुलसम्म ४९ किलोमीटर दूरीमा तीन निर्माण कम्पनीले सडक विस्तारका काम गर्नेछन् । हाल ४१ किलोमिटर दूरीभित्र सडक विस्तारका कार्य भइरहेपनि ४९ किमी क्षेत्रमा काम सुरु नभएको उहाँको भनाइ थियो । उक्त ४१ किमीमध्ये दश किमी गजुरमुखी निर्माण कम्पनी प्रालिले ठेक्का पाएपछि सडक विस्तारका कार्य गर्दै आएको छ । उक्त कम्पनीका अनुसार ३४ किमी ८०० मिटरदेखि २४ किमी ८०० मिटरभित्रको बाँकी रहेको दश किमी सडक विस्तारका लागि उक्त निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको हो । दश किमीमध्ये हालसम्म दुई किमी सडकको रुख काटिएको जानकारी दिँदै उहाँले भन्नुभयो,"सडक कालोपत्र बाहेक अन्य कार्य चौध महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ ।"कूल रु ६५ करोडमा ठेक्का सम्झौता गरी पाँच वर्ष योजना सम्पन्न गर्नुपर्ने समयसिमा छ । उक्त क्षेत्रमा अहिले दैनिक ४० देखि ५० जनासम्म जनशक्ति परिचालन गरिएको निर्माण कम्पनीका निर्देशक शान्ता महर्जनले जानकारी दिनुभयो ।

## भाडा समायोजन नगरिए ८ गतेदेखि भाडा बढाउने चेतावनी

**पोखरापत्र संवाददाता**
**काठमाडौं, २९ फागुन**

यातायात व्यवसायीले चैत ७ सम्म सरकारबाट यातायातको भाडा समायोजन नगरे एकतर्फी भाडा बढाउने चेतावनी दिएका छन् ।

पेट्रोलियम पदार्थमा पटक-पटक मूल्यवृद्धि हुँदा पनि गत असार २७ गते समायोजन गरिएको भाडा अहिलेसम्म यथावत् रहेको जनाउँदै व्यवसायीले तत्काल भाडा समायोजन गर्न सरकारसँग माग गरेका हुन् । विगतमा डिजेलको मूल्य १०४ हुँदा समायोज भएको भाडा अहिले रु १३३ पुग्दासमेत यथावत् हुनु विडम्बना भएको व्यवसायीको गुनासो थियो। बजारका हरेक वस्तुको मूल्य आकासिँदै गएको समयमा वैज्ञानिक भाडा समाजोजन आजको आवश्यकता भएको उनीहरुको भनाइ थियो ।

आइतबार पत्रकारसम्मेलन गरी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले वैज्ञानिकरुपले भाडादर समायोजन गर्नाका लागि सरकारसँग माग गर्नुभयो । उहाँले ७ गतसम्म भाडा समायोजन नभए बाध्य भएर व्यवसायी आफैँले समायोजन गर्ने चेतावनी पनि दिनुभएको हो । व्यवसायीका अनुसार हाल तय भएको वैज्ञानिक भाडा प्रणाली अनुसार इन्धनको ३५ प्रतिशत सूचकलाई आधार मान्दा सार्वजनिक बसको लागत नौ दशमलव०३, ट्रक (पहाड) को ११ दशमलव८२ र ट्रक (तराई) को १३ दशमलव१३ प्रतिशत लागत वृद्धि भएको छ ।

यस्तै पेट्रोलबाट सञ्चालित सवारी साधानको लागत आठ दशमलव पाँच प्रतिशत वृद्धि भएको पत्रकार सम्मेलनमा जनाइएको थियो । व्यवसायीले गण्डकीमा भाडा समायोजन गरिए पनि बागमती प्रदेशमा भने नगरिएको प्रति पनि ध्यानाकर्षण गराएका थिए ।

गएको असार २७ गते समायोजन भएको भाडादर पर्यटक बोक्ने सवारी साधनको हकमा समायोजन नभएकाले त्यसमा पनि वैज्ञानिक भाडादर समायोजन गर्न माग गरिएको थियो ।

## मुलुकको समृद्धि र विकासका लागि कांग्रेसले जित्नुपर्छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ, २९ फागुन**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले मुलुकको समृद्धि र विकास लागि कांग्रेसले जित्नुपर्ने बताउनुभएको छ ।

कांग्रेस स्याङ्जाले आइतबार सदरमुकाममा आयोजना गरेको 'घरघर जाऔँ, कांग्रेस जिताऔँ' अभियानको शुभारम्भ गर्दै उहाँले मुलुकको विकास र समृद्धिका अभियान सञ्चालन गर्न आगामी निर्वाचनमा कांग्रेसलाई विजयी गराउन आग्रह गर्नुभयो । कांग्रेसको नेतृत्वमा हासिल भएका विगत र वर्तमानका राजनीतिक र आर्थिक उपलब्धिलाई जनस्तरसम्म पुऱ्याउन अभियान सञ्चालन गरिएको उहाँले स्पष्ट गर्नुभयो ।

अभियानका लागि स्याङ्जामा खटिनुभएका कांग्रेसका केन्द्रीय सदस्य एवं युवा नेता प्रदीप पौडेलले पार्टीभित्रका आन्तरिक मतान्तरलाई बिर्सेर अब पार्टीलाई थप सशक्त बनाएर अगाडि बढ्नका लागि अभियानले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । कांग्रेसले गरेका राम्रा कार्यहरू नागरिकमाझ पुऱ्याउन र नकारात्मक टिका टिप्पणी तथा भ्रमलाई चिर्दै नयाँ शिराबाट चुनावी अभियानमा जुट्न नेता पौडेलले नेता तथा कार्यकर्तालाई सुझाव दिनुभयो । अभियानको शुभारम्भका अवसरमा जिल्लाका एघार स्थानीय तह र ९७ वटै वडामा कांग्रेसलाई विजयी बनाउने गरी लाग्नुपर्नेमा जोड दिएको छ । आइतबार शुभारम्भ भएको अभियान चैत २९ गतेसम्म चल्नेछ । सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेसँगै कांग्रेसले एक महिने चुनावी अभियान थालेको हो ।

## सहयोगमा निशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाको आर्थिक सहयोगमा निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका वडा नं ११ रानीपौवा स्थित मागदर्शन महिला समूहले आयोजना गरेको महिलाहरुको स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सर सम्बन्धि परिक्षण सम्पन्न भएको हो । कार्यक्रमबाट १६१ जनाले सेवा लिएका छन् ।




मन्त्री थापाले गण्डकी प्रदेश सभा सदस्य (सांसद) हुँदादेखि नै आफुले पाउने तलब, भत्ता बापतको रकम विभिन्न सामाजिक कार्यमा खर्च गर्दै आउनुभएको छ । मन्त्री भएपश्चात पनि सो क्रम जारी छ । कार्यक्रमलाई उदघाटन गर्दै मन्त्री थापाले आफु नागरिकको समस्यामा सँधै साथमा रहेको उल्लेख गर्नुभयो । नागरिकको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्ने सवालमा आफु सँधै प्रतिबद्ध रहेको भनाई उहाँको छ ।

'नागरिकको सबै भन्दा महत्वपूर्ण आधारभूत आवश्यकत्ता भनेकै स्वास्थ्य हो । मानिस स्वस्थ रहे नै अन्य क्रियाकलापमा अगाडि बढ्न सक्छ । समाज विकासको आधार हो स्वास्थ्य क्षेत्र । आज आफुले प्रदेश सरकारबाट पाउने तलब,भत्ता बापतको रकम स्वास्थ्य क्षेत्रमा खर्च गर्न पाउँदा खुशी लागेको छ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले आफुले निम्न आयस्तर भएका महिलाहरुलाई लक्षित गर्दै उक्त कार्यक्रमको आयोजना गरेको जानकारी गराउनुभयो । उहाँले गण्डकी सरकारले पनि क्यान्सर तथा पाठेघर मुखको क्यान्सरबाटपीडितमहिलाहरुलाई उपचारका लागि सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले एक लाख रुपैयाँ संघ सरकार र ५० हजार रुपैयाँ प्रदेश सरकारले उपचारका लागि उपलब्ध गराउँदै आएको बताउनुभयो । मन्त्री थापाले आगामी दिनमा समेत यस्ता कार्यक्रमको निरन्तरताको कामना गर्नुभएको छ ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं ११ का वडाध्यक्ष मोहन बास्तोलाले मार्गदर्शन महिला समूह समाजका लागि एक उदाहरण बनेको उल्लेख गर्नुभयो । न्यून आयस्तर भएका महिलाहरुका लागि यस्ता कार्यक्रम निरन्तर हुनुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभएको छ । वडाले समेत स्वास्थ्य क्षेत्रमा समाजका विभिन्न सामाजिक संस्थासँग समन्वय गरी काम गर्ने बताउनुभएको छ ।

अंशु शेर्पाको संयोजनामा सम्पन्न भएको कार्यक्रममा नेपाली काँग्रेस पोखरा महानगरपालिका वडा नं ११ का सभापति हरिप्रसाद बास्तोला, स्थानीय समाजसेवी प्रेम कर्माचार्य लगायतको उपस्थिति थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# श्रीताल बाराही भगवती मन्दिरको 'इतिबृती' पुस्तक लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

पोखरा महानगर पालिका वडा न ६ मा अवस्थित श्रीताल बाराही भगवती मन्दिरको पुस्तक "श्रीतालबाराही मन्दिर इतिबृती" लोकार्पण आइतबार गरिएको छ। ताल बाराही भगवती मन्दिर र पोखराको अन्य शक्तिपिठहरुको बारेमा जानकारी मुलक पुस्तक 'इतिबृती'को गण्डकी प्रदेश सभा सदस्य राजिब पहारीले लोकार्पण गरेका हुन।

सासंद पहारीले सो पुस्तकको लोकार्पण गर्दै मन्दिर देवस्थल रास्ट्का अमूल्य सम्पत्ति भएको भन्दै उनिहरुको रेखदेख र मर्मत सम्भारमा रास्ट्ले उचित ब्यवस्था गर्नु पर्ने बताए। पहारीले तालको बिचमा मन्दिर विश्वको कुनै पनि ठाउँमा विरलै देख्न पाइन्छ भन्दै पोखराको गहना रुपमा



रहेको भगवतीको मन्दिरलाई संरक्षणमा हामी सबै लाग्नु पर्नेमा जोड दिए। सासंद पहारीले मठ मन्दिर, गुम्बा र धार्मिक पर्यटकीय संस्कृतिहरुको बिकास र सम्बर्द्धन गर्न छिटोभन्दा छिटो गण्डकी प्रदेश सरकारले ध्यान दिनु पर्नेमा जोड दिदै प्रदेशमा सास्कृतिक बिकास र जगेर्नाको काम अभ ब्यबस्थित गर्ने आग्रह गरे। उनले पर्यटहरुको बसाइ लम्बाउनका लागि यस्ता पर्यटकी धार्मिक स्थलहरु निर्माणमा ध्यान दिन र संरक्षणमा सत्रियतापूर्वक लाग्न युवा पुस्ताको महत्वपूर्ण भुमिका रहने बताए। संस्थाका कोषाअध्यक्ष तथा लेखक प्रेमराज पहारीले मन्दिरको बारेमा जान्न र बुभ्फ्न चाहने जिज्ञासुहरुलाई दिन सक्ने एकिकृत जानकारी मूलक दस्तावेजको आवश्यकता महसुस गरि ताल बाराही मन्दिरको 'इतिबृती' नामक पुस्तक प्रकाशनमा ल्याएको सुनाए। पुस्तकले हाल सम्म प्रकाशनमा नआएका कुराहरुलाई प्रकाशनमा ल्याउनु र जिज्ञासुहरुको जिज्ञासा मेटाउनेमा आफु विश्वस्त रहेको बताए। श्रीताल बाराही मन्दिर गुठी ब्यवस्थापन समितिले प्रकाशनमा ल्याएको पुस्तकको प्रधान सम्पादकमा प्रेमराज पहारी र सम्पादकहरुमा प्रशुराम पहारी र धुव्रराज बराल रहेका छन। कार्यवाहक अध्यक्ष प्रशुराम शर्मा पहारीको सभाअध्यक्षतामा भएको कार्यक्रममा दितिय उपाध्यक्ष जुना अधिकारी सचिब धुव्रराज बराल,पूर्व सल्लाहकारहरु चुडामणी पहारी, होमबहादुर लामिछाने, तोप बहादुर अधिकारी बैदाम सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष मिना भट्टराई वडा सदस्य पुष्पा घले पहारी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गर्दै हिन्दू धर्म एवं संस्कृतिको संरक्षण तथा संम्बर्द्धनमा लाग्न जोड दिए।

# लायन्स क्लब पोखरा नर्थद्वारा कापी कपल वितरण

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

लायन्स क्लब अफ पोखरा नर्थले अस्तामको भुमेश्वर आधारभूत विद्यालयमा कापी कलम वितरण गरेको छ।

माछापुच्छ्रे गाउँ पालिका वडा नं. ६ धिताल स्थित अस्तामका रहेको उक्त विद्यालयका ४० जना विद्यार्थीलाई कापी कलम वितरण गरेको लायन्स क्लब अफ पोखरा नर्थका अध्यक्ष विजयराज तिमिल्सिनाले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब ३२५ वि वानका जोन चियरपर्सन केशवशरण पौडेल मिडिया संयोजक प्रकाशचन्द्र सापकोटा, लायन्स क्लब अफ पोखरा नर्थका अध्यक्ष विजयराज तिमिल्सिना तृतीय उपाध्यक्ष रामप्रसाद



अधिकारी, सचिव हरिप्रसाद त्रिपाठी, सदस्य विनोदराज पौडेल, जयराम तिमिल्सिना, इन्द्रप्रसाद सुवेदीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त अधिकारी, विद्यालयका प्रध्यानाध्यापक कुलानन्द अधिकारीलाई कापी कलम हस्तान्तण गरेका थिए।

कार्यक्रममा बोल्दै जोन चियरपर्सन केशवशरण पौडेलले क्लबले कापी कलम वितरण गरेर विद्यार्थीलाई सहयोग गरेको भन्दै धन्यवाद व्यक्त गरे।

लायन्स क्लब अफ पोखरा नर्थका अध्यक्ष विजयराज तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त अधिकारी, समाजसेवी पूर्व अध्यक्ष विश्वराज अधिकारी, मिडिया संयोजक प्रकाशचन्द्र सापकोटा, शिक्षक भेषराज बास्तोला, सचिव हरिप्रसाद त्रिपाठीले बोलेका थिए।

# साफ फुटबल च्याम्पियनसिप : नेपाली टोली भारततर्फ

रासस
काठमाडौं, २९ फागुन

भारतमा आयोजना हुने साफ यू-१८ (अठार वर्षमुनि) महिला च्याम्पियनसिपमा सहभागी हुन नेपाली महिला फुटवल टोली आज त्यसतर्फ प्रस्थान गरेको छ।

भारतको जमसेदपुरमा आगामी चैत १ देखि ११ गतेसम्म सञ्चालन हुने उक्त च्याम्पियनसिपमा आयोजक भारतसहित नेपाल र बङ्गलादेश सहभागी हुँदैछन्। डबल राउण्ड रोबिनको आधारमा हुने उक्त च्याम्पियनसिपको उद्घाटन खेल चैत १ गते नेपाल र भारतबीच हुनेछ। त्यसैगरी नेपालले दोस्रो खेल बङ्गलादेशसँग चैत ४ गते खेल्नेछ। नेपालले चैत ७ गते फेरि भारतसँग तथा चैत ९ गते बङ्गलादेशसँग खेल्ने तय भएको छ। शीर्ष स्थान हासिल गर्ने टोलीले प्रतियोगिताको उपाधि जित्नेछ। नेपाली टोलीमा प्रिती राई (कप्तान), सावित्री किशन, लीला जोशी, पूजा थापा, सविना चौधरी, मञ्जुकुमारी खड्का, प्रतिक्षा चौधरी, कुमारी तामाङ, प्रिया बस्नेत, दिव्या इस्माली मगर, दिपा शाही र हिमा रावत छन्।

त्यसैगरी टोलीका अन्य खेलाडीमा सरस्वती हमाल, सुनकला राई, अञ्जली मछामासी, सराह बज्राचार्य, जेनिफर राना, शरिष्मा थापा, सदिपा भोलान, कुशुम खतिवडा, अमिशा कार्की, मनमाया दमाईं र गरिमा राई छन्।

# संगम टोल विकास संस्थाको अध्यक्षमा पुनः धर्मराज

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम टोल विकास संस्थाको १५ औं साधारण तथा आठौं अधिवेशनले पुनः धर्मराज पौडेल अल्पायुको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।




आइतवार भएको साधारण सभाले संस्थाको उपाध्यक्षमा विष्णुवहादुर गुरुङ, सचिवमा तुलसी थापा, उपसचिवमा विक तामाङ, कोषाध्यक्षमा लक्ष्मी थापा चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश मन सुब्बा परियार, सरिता श्रेष्ठ, सुमन नेपाली, रुबी गुरुङ र सोम बिक चयन भएका हुन्। कार्यक्रममा जेष्ठ सदस्य १४ जना, स्नातक उर्तिण गर्ने कमला गुरुङ, रचना थापा र स्नातकोत्तर उर्तिणा गर्ने प्रियका थापालाइ सम्मान गरियो। साधारण सभाको उद्घाटन वडा नं १३ का अध्यक्ष दर्शन लामाले गरेको थिए। संगम टोल विकास संस्थाका अध्यक्ष धर्मराज पौडेको अध्यक्षातमा भएको कार्यक्रममा संस्थाका सल्लाहकार रामप्रसाद गुरुङ, सम्मानितको तर्फवाट इन्द्रमान गुरुङ, युवा माया गुरुङ, पोखरापत्रका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, गौडाकोमुख टोल विकास संस्थाका अध्यक्ष मनकाजी गुरुङ पाखुरी कोट गुरुङ समाजका अध्यक्ष हरिध्वज गुरुङ लगायत वोलेका थिए। कार्यक्रममा सचिव तुलसी कुमारी थापा मगरको सचिव प्रतिवेदन र कोषाध्यक्ष लक्ष्मी थापाको आर्थिक प्रतिवेदन पास भएको छ। कार्यक्रममा संस्थाका उपाध्यक्ष दमवहादुर गुरुङले स्वागत र सचिव तुलसी कुमारी थापा मगरले संचालन गरेकि थिइन।

# प्रेस युनियनको महाधिवेशन जेठ १३ र १४ गते

रासस
काठमाडौं, २९ फागुन

नेपालका लोकतन्त्रवादी पत्रकारको साफा संस्था नेपाल प्रेस युनियनको नवौं राष्ट्रिय महाधिवेशन आगामी जेठ १३ र १४ गते बागमती प्रदेशको राजधानी हेटौंडामा हुने भएको छ।

प्रेस युनियन केन्द्रीय सचिवालयको आइतवार सम्पन्न बैठकले महाधिवेशनको मिति र स्थान तय गरेको युनियनका केन्द्रीय अध्यक्ष बद्री सिग्देलले जानकारी दिनुभयो। युनियनले महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्न मूल आयोजक समिति, निर्वाचन समिति र अन्य विभिन्न छ समितिसमेत गठन गरेको छ। अध्यक्ष सिग्देलले महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्नका लागि जुट्न सम्पूर्ण प्रेस युनियनकर्मीहरुलाई हार्दिक आह्वान गर्नुभएको छ।

> खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
> भूमिको अधिकतम उपयोग गरौं ।
> कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
> भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अरण्यज्योति पुस्तकालयको अध्यक्षमा पगेनी

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित अरण्यज्योति पुस्तकालयको २६ औं साधारण सभा तथा अधिवेशनले यदुराज पगेनीलाई अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले उपाध्यक्षमा गमवहादुर गुरुङ, सचिवमा किशन भण्डारी कोषाध्यक्षमा लक्ष्मीप्रसाद अर्याल, सह सचिवमा धर्मराज पौडेल अल्पायु चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश गायत्री सिग्देल, पुर्णकला घर्ती, मिना श्रेष्ठ,



नजबुन निशा, अशोक गुरुङ, भरत सिग्देल र हेमन्तमान श्रेष्ठ रहेका छन्।

पुस्तकालयका अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा भएको कार्यक्रमा सचिव यदुराज पगेनीले संचालन गरेका थिए।

# प्रेस चौतारी नेपालको अध्यक्षमा पुनःबस्नेत

रासस
काठमाडौं, २९ फागुन

प्रेस चौतारी नेपालको अध्यक्षमा गणेश बस्नेत सर्वसम्मत निर्वाचित हुनुभएको छ।

पोखरामा सम्पन्न नवौं महाधिवेशनबाट बस्नेतपुनःअध्यक्षमा निर्वाचित हुनुभएको हो। आगामी तीन वर्षे कार्यकाल रहेको सो अधिवेशनबाट उपाध्यक्षमा गणेश पाण्डे, सविन प्रियसन, राजेश राई र महिला उपाध्यक्षमा देविका घर्ती चयन हुनुभएको छ। उक्त कमिटीको महासचिवमा हिरामान लामा र उपमहासचिवमा राजु सुवेदी र शुरोजवजङ्ग पाण्डे छानिनुभएको छ। सचिव पदमा प्रदेश नं १ को सचिवमा विक्रम लुईंटेल, मधेस प्रदेशमा कमल उपाध्याय, बागमतीबाट विष्णु तारुके, गण्डकीबाट सुष्मा पौडेल, लुम्बिनीबाट प्रदीप आचार्य, कर्णालीबाट विष्णु शर्मा र सुदूरपश्चिमबाट लोकसरी कुँवर चयन हुनुभएको हो। प्रतिष्ठान सचिवमा हरिबल्लभ नेपाल तथा कोषाध्यक्षमा इन्द्र आचार्य चयन हुनुभएको छ। अधिवेशनले कूल १५१ सदस्यीय कमिटी गठन गरेको हो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : हारसुरद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आयुर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१-५८९१९४, ९८४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल भर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल भरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित भरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर भरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल भर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल भरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग भर्ने, दाह्री भर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।





सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# इन्टरनेटको सही उपयोग गरौं

मानिसको दिनाचार्य आजभोलि मोबाइल र इन्टरनेट पर्याय बनेको छ। इन्टरनेटलाई ज्ञान, सूचना र मनोरञ्जनका लागि आधुनिक गुरु कै रुपमा मानिएका छन् । तर, यसको सही सदुपयोग भएको छ कि दुरूपयोग गरिएको छ यसको खोज अनुसन्धान हुनु जरुरी छ। खासगरी शहर बजारमा अधिकांशका घरमा इन्टरनेट जोडिएका छन् । मोवाइल खल्तीमा नहुने त मानिस नै हुँदैन । साना बाबुनानीलाई फुलाउन पनि आमाहरूले हातमा मोबाइल थमाइदिन्छन् । तर, तिनको ठीक तवरले उपयोग नगर्दा बालबालिकामा लत बस्ने खतरा हुन्छ।

बालबालिका जब इन्टनेटभित्र छिर्छन् तब उनीहरूको लागि नै लहलहैमा लागेर झगडा गरेर पनि आर्थिक हैसियत नभएका मानिसलाई पनि घरमा इण्टरनेट जोड्नुपर्ने आवश्यकता बढ्दै गएको छ। फेसबुक १३ वर्षभन्दा कमको बालबालिकाले चलाउन पाउँदैन। तर फेसबुक फेसन र फोटो देखाउने रूपमा पनि साना बालबालिकाको फेसबुक अकाउन्ट बनाएर चलाइरहका हुन्छन्। इन्टरनेट उपयोग र यसले पार्ने नकारात्मक प्रभावलाई ध्यान दिई अभिभावकले पनि आफुले मोबाइल वा ल्यापटप चलाउँदा विचार पुर्‍याउनुपर्छ। बालबालिकालाई पढ् भनेर गाली गर्ने र आफू भने इन्टरनेट चलाएर बस्ने गर्नुहुँदैन। अनलाइन इन्टर नेटबारे ज्ञान हुन आवश्यक पर्छ। बालबालिकाले विभिन्न वेबसाइटमा के हेर्ने भन्नेबारे ज्ञान लिनुपर्छ। उनीहरू सँगै बसेर साइट अवलोकन गर्नुपर्छ।

इन्टरनेट चलाउने समय र नियमहरू बनाइदिनुपर्छ र त्यो आफूमा पनि लागु गर्नुपर्छ। विद्यालयहरूले पनि विद्यार्थीलाई यो कुरा सिकाउनु जरुरी हुन्छ। फेसबुक वा युट्युब संचालन गर्नेहरूले कति उमेरमा साइट खोल्न पाउने त्यो निर्धारण गर्नु जरुरी छ। उमेर नपुगेका बालबालिकालाई फेसबुक खोल्न दिइनु हुँदैन। यसमा उमेर किटानी गर्नु जरुरी हुन्छ। विश्वभरी नै बालबालिकाहरू इन्टरनेटबाट चल्ने सामग्रीहरू प्रयोग गर्ने लतमा लागिरहेका छन् । मानिस चौबिसै घण्टा बसेर त्यसमा अल्झिरह्यो भने शरीर कुँजिन्छ। शारीरिक ब्यायाम हुँदैन। त्यसरी लामो समयसम्म बसियो भने त्यस्ता मानिसले कुनैपनि परिश्रम गर्न सक्तैनन् ।

ज्ञानको लागि एक वा दुई घण्टा इन्टरनेट चलाउनु बेग्लै कुरा हो। ब्यवसाय नै त्यहि भएकालाई पनि इन्टरनेटमा खेल्नु आवश्यक होला। तर, नितान्त मनोरञ्जनको लागि उमेर नै नपुगेका बालबालिकाले जब इन्टरनेटलाई लत बनाउन थाल्छन् त्यो उनीहरूको लागि त हानीकारक छ नै यस परिवार, समाज, हुदै देशकै लागि समेत हानिकारक छ भन्ने बुझ्नु जरुरी छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कृषकलाई अनुदानमा हाते ट्र्याक्टर वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ फागुन**

कृषि ज्ञान केन्द्र तनहुँले व्यास -९ गजौडेका कृषकलाई अनुदानमा हाते ट्र्याक्टर वितरण गरेको छ।

सुनौला नयाँ गोरेटो कृषि सहकारी संस्थामा आबद्ध कृषकलाई ज्ञान केन्द्रले हाते ट्र्याक्टर वितरण गरेको हो । पचास प्रतिशत अनुदानमा नौवटा हाते ट्र्याक्टर वितरण गरिएको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । कृषिमा यान्त्रिकरण गर्ने उद्देश्यसहित हाते ट्र्याक्टर वितरण गरिएको तिवारीले बताउनुभयो । हाते ट्र्याक्टरको कूल लागतको पचास प्रतिशत कृषकले र पचास प्रतिशत कार्यालयले व्यहोरेको छ। "लागत घटाउँदै कृषिमा यान्त्रिकरण गर्नका लागि कृषकलाई उपकरण दिएका हौँ", उहाँले भन्नुभयो, "परम्परागत प्रविधिको खेतीले आम्दानीभन्दा खर्च धेरै भइरहेको छ । कृषिमा यान्त्रिकरण गर्न सके लागत घट्न गई आम्दानी बढाउन सकिन्छ।"

जिल्लाकै ऋषिङ गाउँपालिकाले कृषकलाई पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण गरेको छ। गाउँपालिकाले वडा नं ४ भिरकोटका कृषकलाई अनुदानमा हाते ट्र्याक्टर वितरण गरेको हो। परम्परागतरूपमा कृषि पेशा गर्दै आएकालाई व्यावसायिक बनाउन १० कृषकलाई हाते ट्र्याक्टर उपलब्ध गराइएको प्रवक्ता विजय दरैले जानकारी दिनुभयो। हाते ट्र्याक्टर पाएपछि यहाँका कृषक खुसी भएका छन् । खेतबारी जोत्नका लागि गोरुको प्रयोग गर्दा लागत महङ्गो हुने गरेकाले हाते ट्र्याक्टरले लागत पनि कम गराउने बताइएको छ । गाउँका युवा विदेशिएकाले कृषि क्षेत्रमा काम गर्ने मजदुरको अभाव खेपिरहेका किसानलाई ट्र्याक्टर पाएपछि सहज हुने विश्वास गरिएको छ । गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले भन्नुभयो, "हाम्रो मुलुकमा विकसित प्रविधि किसानको पहुँचमा पुर्‍याउन नसक्दा निर्वाहमुखी उत्पादनमा अल्झिएका छौँ ।" ऋषिङका अधिकांश भू-भाग भिरालो भएकाले साना र हलुङ्गा किसिमका हाते ट्र्याक्टर किसानलाई उपयुक्त हुने बताइएको छ।

# हाइकर्स क्लबको समुह सिक्लेस गाउँमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**



हाइकर्स क्लब नेपालको आयोजनामा हरेक महिनाको अन्तिम शनिबार गरिने हाइकिङ कार्यक्रम फागुन महिनाको अन्तिम शनिबार पर्यटकीय गाउँ सिक्लेसमा सम्पन्न भएको छ।

हाइकीङमा सबै उमेर समुहका सहभागी हुन सक्ने भएता पनि कम्तीमा १५ वर्षदेखि ६० वर्षसम्मका हरेक क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरु, विद्यार्थीहरु, व्यवसायीहरु, पत्रकार तथा पर्यटन व्यवसायीहरु हाइकिङमा सहभागी हुन सक्ने हाइकिङका संस्थापक तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकीका पुर्व अध्यक्ष रविन्द्रराज पौडेलले बताए। ग्रामिण पर्यटनको विकासमा आन्तरिक पर्यटनलाई सहभागी गराउने उद्धेश्यले 'पर्यटन र स्वास्थ्यको लागि हाइकीङ' नाराका साथ विगत २ वर्ष देखि हाइकीङ कार्यक्रम नियमित रुपमा भइ रहेकोमा विचमा कोरोनाले रोकेको हाइकीङका संयोजक पत्रकार कृष्ण रानाभाटले वताए । पहिलो पटक हाइकीङमा सहभागी न्युरोड दरबारथोकमा रहेको द प्लान्टलेटका संचालकहरु अनमोल वस्नेत र सुर्यदेव चौधरीले महिनाको एकपटक हाईकिङ कार्यक्रमले महिना भरको व्यवसायको तनावबाट छुटकारा पाई आनन्दको अनुभुति हुने वताए । नियमित रुपमा हाइकीङमा सहभागी एसओएस व्यावसायिक तालिम केन्द्रका मोहन केसीले कास्कीको अत्यन्तै रमणिय तथा पर्यटकीय गाउँ सिक्लेसमा पहिलो पटक आउने मौका हाइकिङले जुराएकोमा क्लबका सदस्यहरुलाई धन्यवाद दिए । हाइकीङमा आर्थिकको पाटो हेर्दै आइकी क्लबकी सदस्य टिका आचार्यले क्लबलाई विधिवत रुपमा सम्बन्धि निकायमा दर्ता गरी संचालन गर्ने योजना रहेको वताउँदै पोखरादेखि टाढा आउँदा खर्चिलो हुने भएकोले विद्यार्थीहरुलाई समेट्न नसकिएको वताईन् ।

त्यसैगरी हाइकीङमा सहभायी पोखरा २६ की तारा राजभाट, पोखरा १३ काहुँखोलाकी शुशिला रानाभाट, पोखरा ३३ वागमाराका संकल्प चापागाई, दिलकुमारी हमाल, शुशिल वास्तोला लगाएतले हाईकीङको अनुभव वताएका थिए।

# अन्नपूर्ण पदमार्गमा पर्यटकको चाप बढ्दै

**पोखरापत्र संवाददाता**
**लमजुङ, २९ फागुन**

अहिले चक्रिय अन्नपूर्ण पदमार्गमा पर्यटकको चाप बढ्दै गएको छ। तेस्रो कोरोना सङ्क्रमणको जोखिम कम भएसँगै विस्तारै आउन थालेका पर्यटक केही दिन अघिदेखि भने अझै वृद्धि हुँदा यस पदमार्गमा पर्यटकको चाप बढ्दै गएको हो।

कोरोना सङ्क्रमणका कारण पर्यटक आउन छोडेको यस पदमार्गमा कोरोनाको तेस्रो लहरको जोखिम कम भएसँगै दैनिक दुई चार जनामात्र आउन थालेकामा यतिबेला भने दैनिक ४०/५० भन्दा बढी पर्यटक आउन थालेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का धारापानीस्थित पर्यटक जाँच केन्द्रका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले बताउनुभयो।

पदमार्गमा अझै पर्यटक वृद्धि हुँदै जाँदा विगतका जसरी दैनिक चार पाँचसयभन्दा बढी पर्यटक आउने सम्भावना रहेको उहाँको भनाइ थियो। यतिबेला पर्यटकको आगमन बढ्दा पर्यटन व्यवसायीको आम्दानीसमेत वृद्धि हुन थालेको छ। पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटक आगमनमा कमी हुँदा आम्दानी नहुने चिन्तामा बसेपनि यतिबेला भने राम्रो आम्दानी हुँदै जाने सम्भावना देखिएको छ । विगतमा दैनिक ५०/६० हजारभन्दा बढी आम्दानी हुन्थ्यो त्यसरी नै अब पर्यटक बढेमा आम्दानी हुने बढी सम्भावना छ।" यतिबेला गुरुङले दैनिक रु १५ हजारदेखि रु २० हजारसम्म आम्दानी गर्न थाल्नुभएको छ। त्यस्तै जीतबहादुर गुरुङ, खुसीराम गुरुङ, देवीजङ गुरुङ, पूर्णबहादुर गुरुङलगायतको यस पदमार्ग आसपासमा रहेका सयौँ सङ्ख्याका होटल व्यवसाय पनि फस्टाउँदै जान थालेको छ । पर्यटकले हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नाका साथै मनाङबाट थुम्रापास गरी मुस्ताङ जान र कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । प्रवेशद्वार लमजुङमा पर्ने अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी ५ वटा जिल्ला जोडिएको छ।

# लेखनाथ महोत्सवको चौथो दिनसम्म दुई करोडको कारोबार

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**



लेखनाथमा जारी १७ औं संस्करणको लेखनाथ महोत्सवमा आइतबारसम्म दुई करोड रुपैयाको कारोबार भएको छ। महोत्सवको चौथोदिनसम्म आइपुग्दा ७० हजार दर्शकले अवलोकन गरेको प्रचार प्रसार उपसमितिका संयोजक गोपीचन्द्र बास्तोलाले जानकारी दिए।

महोत्सवमा आउने दर्शकहरु विभिन्न स्टलमा राखिएका सामाग्रीहरु खरिद गर्न झुम्मिने गरेका छन् । खानाका विभिन्न परिकारका लागि रेष्टुरेण्ट र बालबालिकाको मनोरञ्जनका सामाग्रीहरुमा समेत दर्शकहरुको चाप देखिने गरेको छ।

महोत्सवमा स्थानीय उत्पादन तर्फ दैनिक दुई सय केजी माछा विक्री भएको कृषी उपसमितिका संयोजक दयाराम तिवारीले जानकारी दिए । महोत्सवमा अहिलेसम्म एक हजार केजी माछा विक्री भएको तिवारीले जानकारी दिए। स्टलबाट जिउँदा माछा र माछाको सिद्राबाट बनाईएको अचार दर्शकहरुको रोजाईमा परेको तिवारीले बताए।

महोत्सवमा अहिलेसम्म एक सय ८ जनाले कोरोना बिरुद्धको भ्याक्सिन समेत लगाएका छन् भने स्वास्थ्य सुरक्षाका लागि आयोजकले एक टिकटमा एक माक्स समेत उपलब्ध गराएका छन् । आइतबार पनि विद्यालयस्तरिय सांस्कृतिक कार्यक्रमका साथ रत्यौली गीत प्रतियोगितामा विभिन्न महिला तथा आमा समूहले सहभागिता जनाएका छन्।

लोकदोहोरी तर्फ पूर्णकला वि.सी र चन्द्र शर्मा लगायतका कलाकारले दर्शकहरुलाई मनोरञ्जन दिलाएका थिए।

यसैगरी संगितकार एवं गीतकार बसन्त सापकोटाले आफ्नो संगीत तथा रचनाका विभिन्न गीतहरु प्रस्तुत गरेका थिए भने साँझ पख युवा पुस्ता डिस्को जक्कीमा रमाएका थिए।

यही फागुन २६ देखी जारी महोत्सव चैत ७ गतेसम्म संचालन हुनेछ । महोत्सवमा स्वदेशी तथा विदेशी उत्पादन कम्पनीका विभिन्न बस्तु तथा सेवाहरुका तीन सय भन्दा बढी स्टलहरु राखिएका छन्।

# अन्तर्राष्ट्रिय मञ्चमा नेपाली नाटक "घेरो"

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**



मोफसलमा इन्द्रेणी थिएटरको लोक नाटक "घेरो"इजिप्टको लक्सर गर्भनेटमा मञ्चन हुने भएको छ।

इजिप्टको लक्सरमा हुने "द इन्टरनेशनल थिएटर फेस्टिभल फर साउथर्नयुथ"को छैठौं संस्करणमा सहभागी हुन नाटकको टोली आइतबारकाठमाडौंबाट इजिप्ट प्रस्थान गर्‍यो । उक्त नाटकका लागि ९ सदस्यीय कलाकार टोली इजिप्ट प्रस्थान गरेको हो। केदार नाथ पौडेलले लेखेको नाटकलाई कपिल शर्माले निर्देशन गर्नुभएको छ। नाटकमा मादलमा विनोद पौडेल, पुछारे कान्छामा रेम रसाईली, पुछारे कान्छीमा ज्योती हमाल, झाक्री र भैंसीमा कपिल शर्मा, फुरुमैंमा निलम तामाङ, डाडाघेरमा रामहरि अधिकारी, ढाकामोहनका रुपमा अनिल तिमिल्सिना र प्रकाश व्यवस्थापनमा दिपेन्द्र पौडेल रहेका छन् । कार्यक्रममा इजिप्टका लागि नेपालका कार्यबाहक राजदुत दिपक घिमिरेको पनि सहभागिता रहने पौडेलले बताउनुभयो।

उक्त कार्यक्रम मार्च १४ देखि मार्च २० सम्म हुने नाटकका लेखक पौडेलले जानकारी दिंदै अन्तर्राष्ट्रियस्तरका विभिन्न १२ वटा समूहसँग प्रतिष्पर्धा हुने बताउनु भयो। इन्द्रेणी थिएटरले उत्पादन गरेको उक्त नाटक नेपाली समाजमा कुरीतिहरुले पारिरहेको असरको विषय समेटिएको लेखक पौडेलले बताउनुभयो। नेपाली समुदायबाट लोप हुंदै गएको वालन शैलिमा यसलाई प्रस्तुत गरिएको बताउदैं एउटा सामान्य घटनाको गलत बुझाईले कतिसम्म नकारात्मक असर गर्दछ र समाजका खराब व्यक्तित्वहरुले कसरी त्यसको फाईदा कसरी उठाउछन्भन्ने विषयवस्तु नाटकमा देख्न पाईने र सजिलैसंग बुझ्न पनि सकिने पौडेलले बताउनुभयो।

"वालनशैलीलाई प्रयोग गरिएको, भजनबाट कथावाचन गरिने र गण्डकी प्रदेशको वोलिचाली तथा लवज नै नाटकका वलिया पक्ष हुन्" पौडेलले भन्नुभयो।

लोक नाटक घेरो यसअगी नेपालका विभिन्न क्षेत्र, भारत तथा साउथ कोरियामा मञ्चन भइसकेको छ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको निर्णय र पत्र संख्या ०७८/०७९ च.न. १२ अनुसार यस विद्यालयको प्रा.वि. तह शिक्षकको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
तहः प्रा. वि. **शिक्षक संख्याः १ जना**
**योग्यता– न्यूनतम कक्षा १२ पास वा सो सरह**
**आवश्यक कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

**दरखास्त दिने अन्तिम मितिः २०७८/१२/१४ गतेसम्म**
**निवेदन दस्तुरः रु ५००।–**
**परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**
**निवेदन दिने स्थानः श्री विश्व ज्योति आधारभूत विद्यालय**
**(विहान १० बजेदेखि ४ बजेसम्म)**
**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।**
**सम्पर्क मितिः २०७८/१२/१४ गते**

**थप जानकारीको लागिः**
**प्र.अ. मनकुमारी गुरुङ**
**सम्पर्क नं.: ९८१०३००६०३**
**श्री विश्व ज्योति आधारभूत विद्यालय**
**मादी-१२, काफलडाँडा, राम्चे**

# बगरको कर तिर्दै बगरफाँटवासी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २९ फागुन**

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटवासीले विसं २०५७ मा म्याग्दी नदीमा आएको बाढीले कटान गरेर बगाएको ३६ रोपनी जग्गाको कर तिर्दै आएका छन् ।

बगरफाँटस्थित ढलेबगरको विरौटा भन्ने ठाउँमा अहिले म्याग्दी नदी बगिरहेको छ । नदी बगेको ठाउँभन्दा पारिपट्टि बेनी-६ को डम्मरासम्म फैलिएको विरौटाको अहिले नामोनिसान छैन । जग्गा नभए पनि जग्गाधनी पुर्जा कामयमै रहेकोले हुँदै नभएको जग्गा र आफूले उपभोग गर्नै नमिल्ने ठाउँको समेत कर तिर्न बाध्य हुनुपरेको बेनी-२ का ओमवहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीयवासी हीराबहादुर घिमिरे, भक्तबहादुर घिमिरे, ओमबहादुर थापा, कृष्णबहादुर थापालगायत आठ व्यक्तिले मालपोत कर तिर्दै आएका छन् । पहिला जग्गा (खेत, बारी र घर) भएको ठाउँमा अहिले नदी बगेको र आफ्नो जग्गा भएको ठाउँ बेनी-६ डम्मरामा नदीको बगरमा परिणत भएको स्थानीयवासी थापाले बताउनुभयो । "हाम्रो जग्गा अहिले डम्मरामा पर्छ, नदीको बगरमा परिणत भएको छ", उहाँले भन्नुभयो, "जग्गाधनी प्रमाण पुर्जामा हाम्रो नाम छ, वर्षेनी मालपोत कर तिर्दै आएका छौँ, तर हाम्रै जग्गाको नदीजन्य पदार्थ हामीले प्रयोग गर्न पाउँदैनौँ, हामीमाथि अन्याय भएको छ ।"

विसं २०५७ मा सो नदीमा आएको भीषण बाढीले जग्गा बगाएको थियो । यसयताका २१ वर्षसम्म जग्गाधनीले नियमितरूपमा मालपोत कर तिर्दै आएका जिल्ला मालपोत कार्यालय म्याग्दीले जनाएको छ । कार्यालयका प्रमुख कृष्णबहादुर कार्कीले जग्गा नभए पनि जग्गाधनी प्रमाणपत्रमा जग्गा कायमै रहेको देखिएकाले जग्गाधनीले कर तिर्दै आएका जानकारी दिनुभयो । स्थानीयवासीले सो जग्गालाई सार्वजनिक जग्गामा दर्ता गरी मालपोत कर कट्टा गर्न आग्रह गरेका छन् । बगरफाँटगाउँ पहिरा र नदी कटानको जोखिममा पर्दै गएको छ । विसं २०५७ देखि म्याग्दी नदीले कटान गर्न सुरू गरेको बगरफाँटमा रहेका २०० घरधुरी वर्षाको समयमा गाउँको शिरानबाट खस्ने पहिरा र गाउँको पुछारमा नदीको कटानबाट वर्षेनी त्रसित हुने गरेका छन् ।

नदीको कटान नियन्त्रणका लागि नदी किनारमा ग्याबियन जाली भर्ने गरिएको भए पनि वर्षामा ढुङ्गा र लेदोसहित उर्लिएर आउने बाढी नियन्त्रण हुन नसकेको स्थानीयवासीले बताएका छन् । "गाउँ जोखिममा छ, शिरानबाट खस्ने पहिरा र पुछारमा बग्ने नदीका कारण वर्षामा कहिल्यै ढुक्कसँग सुत्न सकिँदैन, कतिबेला के हुन्छ भन्ने त्रास रहिरहन्छ", नदी कटानबाट गाउँलाई जोगाउन वर्षेनी तटबन्धनको पहल गर्दै आउनुभएका स्थानीय समाजसेवी नारायण कार्कीले बताउनुभयो ।

नदीको कटानका कारण बगरफाँटको १५० रोपनीभन्दा बढी खेतीयोग्य जमीन क्षय भइसकेको र नदी कटानको समस्या अझै बढ्दै गएको स्थानीय वुद्धिजीवी तथा म्याग्दी नदी कटान नियन्त्रण योजना उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका कार्कीले जानकारी दिनुभयो । बेनी-३ को तारोखेतबाट बगेर बगरफाँटको शिरानमा अवस्थित पहरो हुँदै आउने पहिरो नियन्त्रण सम्भव नभए पनि नदी कटान नियन्त्रण गर्न सके केही मात्रामा गाउँ सुरक्षित रहने उहाँको भनाइ छ ।

गाउँको शिरानमा रहेको विशाल पहिरो नियन्त्रणका लागि स्थानीय तहको प्रयासले मात्र नहुने भएकाले प्रदेश वा सङ्घबाटै ठूलो योजना आवश्यक पर्ने देखिएको छ ।

तर समस्या समाधान नभएकाले यसले सदरमुकाम बेनीबजारसमेत प्रभावित हुने अनुमान गरिएको छ । पहिरो र नदी कटानका कारण सुन्दरबस्ती र कृषि उपजका लागि उर्वर फाँट रहेको बगरफाँट साँघुरिँदै गएको छ । आप्रे र उडाइनो छहराको बीचबाट खस्ने पहिराका कारण गाउँको शिरानमा रहेको जङ्गल र बस्ती मासिने खतरा बढेको जनाइएको छ । पहिराले गाउँ कुरूप बन्दै गएको र पाँच घरपरिवार बसाइँ सरिसकेको स्थानीय टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

# शौर्य सिमेन्टद्वारा पोखरामा 'ईञ्जिनियर मिट' सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ फागुन**

शौर्य सिमेन्ट ईण्डष्ट्रिज प्रालिको उत्पादन शौर्य सिमेन्टले गण्डकी प्रदेशमा घर बनाउने जो सुकैका लागि एउटा पिल्लर निःशूल्क बनाईदिने योजना सार्वजनिक गरेको छ ।

प्रा.लिले शनिबार पोखरामा आयोजना गरेको 'ईञ्जियर मिट' कार्यक्रममा ब्राण्ड म्यानेजर अनुज कुमार महतले यस्तो जानकारी सार्वजनिक गरेका हुन् ।



१० महिना अघि सिराहाको मिर्चैयास्थित उद्योगबाट उत्पादन थालेको सिमेन्टका बारेमा जानकारी दिनका लागि पोखराका इञ्जिनियरहरु संगको भेट कार्यक्रममा यस्तो योजना सार्वजनिक गरे । उनले सिमेन्टको बारेमा जानकारी दिँदै आफूहरुले गुणस्तरमा कुनै सम्झौता नगर्ने बताए । उनले भने, 'हामीले गुणस्तरमा कुनै कम्प्रमाइज गर्दैनौं । जसका लागि गण्डकी प्रदेशमा घर बनाउनेहरुका लागि अन्य सिमेन्ट र हाम्रो सिमेन्ट विचको फरक छुट्टाउन हामी एउटा पिल्लर बनाइदिन्छौं । त्यसलाई ल्याव परीक्षणपछि तत्काल थाहा हुन्छ हाम्रो गुणस्तर कस्तो हुन्छ ।' उनले थपे 'सपनाको घर बनाउने क्रममा आम सर्वसाधरणहरुलाई विश्वस्त तुल्याउन यस्तो योजना ल्याइएको हो ।' उत्पादन शुरु गरेको छोटो अवधीमा प्रालिले भित्र्याएको अत्याधुनिक नयाँ प्रविधिका कारण लामो समयदेखि स्थापित उद्योगहरुसंग प्रतिस्पर्धा गर्न आफूहरु सफल भएको उनले सुनाए । कम्पनीले नेपाल गुणस्तर प्रमाणपत्र प्राप्त गरेकाले उक्त गुणस्तर कायम राख्न अत्याधुनि प्रविधीहरुको प्रयोग गरिएको पनि बताए । उनले थपे, 'स्वदेशी लगानीमा सञ्चालित उद्योगले अन्तराष्ट्रिय स्तरको गुणस्तरमा उत्पादन गर्नु धेरै ठूलो उपलब्धी हो ।' नेपाल आफै सिमेन्टमा आत्मनिर्भरको बाटोमा छ, भने छिमेकी देशरुबाट आयात हुने सिमेन्ट करिव प्रतिस्थान भैसक्यो भन्दा हुन्छ ।'

यस्तै कार्यक्रममा कम्पनीका टेक्निकल हेड दिवश देबकोटाले सिमेन्टमा हुनुपर्ने सबै गुण आफूहरुको उत्पादनमा रहेको बताए । उनले भने ' हामीले उदयपुरको सुनजस्तो चुनढुंगालाई कच्चा पदार्थका रुपमा प्रयोग गरेका छौं । जुन एकदमै राम्रो छ ।' 'गुणस्तरिय उत्पादनकै कारण हाम्रो ब्राण्ड देशभरका १५० बढी ठूला आयोजनाहरुमा प्रयोग भइरहेको छ ।' उनले थपे ।

यस्का साथै कम्पनीले गुणस्तरमा ध्यान दिँदै दैनिक ३ हजार ५ सय मेट्रिक टन उत्पादन गरिरहेको पनि उनले बताए । अरु सिमेन्टभन्दा विशेष प्रकारको बोरामा उपलब्ध सिमेन्ट अन्यको तुलनामा बढी उपयुक्त भएको उनले बताए ।

करिब २५ कराडको लगानीमा सञ्चालनमा आएको कम्पनीले हाल ओपीसी ४३ ग्रेड, ओपीसी ५३ ग्रेड, पीएससी, पीपीसी, लो अल्काली लगायतका सिमेन्ट बजारमा उपलब्ध छन् ।

गण्डकी प्रदेशको राजधानी समेत रहेको पोखरामा बजार विस्तार, उद्योगले प्रयोग गरेको प्रविधी र आफूहरुले छोटो समयको अवधीमा प्राप्त गरेको सफलताको बारेमा जानकारी दिने उद्देश्यले पोखरामा कार्यक्रम गरिएको ब्राण्ड म्यानेजर महतले जानकारी दिए । कार्यक्रममा करिव ५० जना इञ्जिनियरहरु सहभागी भएका थिए ।

# मुख्यमन्त्री पोखरेलद्वारा शिवपञ्चायन मन्दिरको शिलान्यास

**पोखरापत्र संवाददाता**
**दमौली, २९ फागुन**

तनहुँको व्यास नगरपालिका-७ कलेस्तीमा शिवपञ्चायन मन्दिर निर्माण हुने भएको छ । यस ठाउँलाई धार्मिक पर्यटकीयस्थल बनाउने उद्देश्यसहित मन्दिर निर्माण गर्न लागिएको हो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उक्त मन्दिरको शनिबार शिलान्यास गर्नुभयो । सो अवसरमा उहाँले गण्डकी प्रदेश धार्मिक हिसाबले निकै महत्वपूर्ण प्रदेश रहेको चर्चा गर्नुभयो । प्रदेशलाई धार्मिक पर्यटनको माध्यमबाट समृद्ध बनाउने सकिने भएकाले त्यसतर्फ सरकारको जोड रहेको उहाँले बताउनुभयो ।

प्रदेशभित्र धेरै धार्मिक सम्भावना बोकेका ठाउँ भएकाले त्यसको विकासका लागि सरकारले सहयोग गर्ने मुख्यमन्त्री पोखरेलले प्रतिबद्धता व्यक्त गर्नुभयो । "धर्मलाई पर्यटनसँग जोडेर अगाडि लैजान सकिए प्रदेशलाई समृद्ध बनाउन सकिन्छ, त्यसतर्फ सरकार लागिपरेको छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य सरिता गुरुङ, तत्कालीन संविधानसभा सदस्य रामचन्द्र पोखरेल, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले वेदव्यासको जन्मभूमि दमौली र आसपासका क्षेत्रलाई धार्मिक पर्यटनको माध्यमबाट विकास गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

# मेलमिलापबाटै मुद्दाको छिनोफानो

**पोखरापत्र संवाददाता**
**दमौली, २९ फागुन**

तनहुँका स्थानीय तहले मेलमिलापबाटै मुद्दाको छिनोफानो गर्ने नीति अवलम्बन गरेका छन् । न्यायिक समितिमा दर्ता हुने मुद्दालाई मेलमिलापका माध्यमबाट समाधान गर्ने नीति जिल्लाका स्थानीय तहले अवलम्बन गरेका हुन् ।

उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिलाई विभिन्न प्रकृतिका मुद्दाको छिनोफानो गर्ने अधिकार छ ।

सोही अधिकारबमोजिम स्थानीय तहले मुद्दा फर्छ्यौट गर्दै आइरहेका छन् । स्थानीय तहमा आउने मुद्दा मिलाउन विभिन्न पालिकाले वडास्तरमा पनि मेलमिलाप केन्द्र गठन गरेका छन् । व्यास नगरपालिकाले चालू आर्थिक वर्ष २०७८/७९ मा नौ मुद्दा फर्छ्यौट गरेको छ । अघिल्लो आर्थिक वर्षको सरिआएका ११ र नयाँ १३ मुद्दा दर्ता भएकामा सात मुद्दामा मेलमिलाप गरिएको नगरपालिकाका उपप्रमुख मीरा जोशीले जानकारी दिनुभयो । अन्य मुद्दा फर्छ्योट हुन बाँकी छन् ।

नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । सामान्य विवादका घटना वडामै मिलाउने उद्देश्यसहित नगरपालिकाले वडा वडामा नै मेलमिलाप केन्द्र स्थापना गरेको हो । "मेलमिलाप केन्द्र स्थापनापछि न्यायिक समितिमा मुद्दा आउने क्रम घटेको छ", उहाँले भन्नुभयो । न्यायिक समितिमा मुद्दाको चाप घटाउने र सामान्य विवादका घटनालाई वडाबाटै निरुपण गर्ने उद्देश्यले मेलमिलाप केन्द्र स्थापना गरिएको हो । "सबै मुद्दा न्यायिक समितिमा पठाउँदा चाप बढ्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुङ्ग्याउन सकिन्छ", जोशीले भन्नुभयो, "कतिपय मुद्दा सिधै न्यायिक समितिमा आए पनि त्यसलाई मेलमिलाप केन्द्रमा नै पठाउने गरिएको छ ।" नगरपालिकाले सबै वडाका तीन/तीन जनालाई मेलमिलाप तालिम दिइसकेको छ । उनीहरुलाई नगरपालिकाको मेलमिलापकर्ताका रुपमा सूचीकृत गरिएको छ । मेलमिलाप केन्द्रमा समाधान हुन नसकेका मुद्दा मात्रै न्यायिक समितिमा पठाइन्छ । "कतिपय मुद्दा न्यायिक समितिबाटै निरुपण गर्नुपर्ने हुन्छ, त्यस्ता मुद्दा मेलमिलाप केन्द्रबाट न्यायिक समितिमा आउँछन्", उहाँले भन्नुभयो, "बाँकी मुद्दालाई मेलमिलाप केन्द्रबाटै मिलाउँछौँ ।" स्थानीय शासन ऐन, २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन गरिएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुङ्गो लगाउनुपर्ने कानुनी प्रावधान छ । स्थानीयस्तरमा शान्ति, सौहार्दता र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियामा टेवा पुऱ्याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, पिछडा वर्ग र सिमान्तकृत समुदायको सशक्तीकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवअधिकार र नागरिकहितको सम्वर्द्धनमा मेलमिलाप केन्द्रबाट सहयोग पुग्ने विश्वास गरिएको छ ।

बन्दीपुर गाउँपालिकाले चालू आवमा १९ मुद्दा फर्छ्योट गरेको छ । गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक करुणा गुरुङका अनुसार लैङ्गिक हिंसा, मानाचामल, ज्येष्ठ नागरिकलाई हेला जस्ता मुद्दा फर्छ्योट गरिएका हुन् । सम्बन्ध विच्छेदका तीन मुद्दा भने अदालत पठाइएको उहाँले जानकारी दिनुभयो । मेलमिलापबाटै मुद्दा फर्छ्योटलाई प्राथमिकता दिइएको छ । न्यायिक समितिमा गाली बेइज्जति, क्षतिपूर्ति उपलब्ध, जग्गाको साँध सिमाना विवाद, घरायसी झैझगडालगायत विवाद दर्ता हुने गरेका छन् । "दर्ता भएका सबै विवादको निरुपण गरेका छौँ । कुनै विवादमा हामीले कानुनी आधारमा निर्णय गरेका छौँ भने कुनै सहमतिमा मिलापत्र गराएका छौँ", गुरुङले भन्नुभयो ।

न्यायिक समितिले सुरुमा समितिमा आएको निवेदन कार्यक्षेत्रमा पर्ने वा नपर्नेबारेमा अध्ययन गर्ने गरेको छ । "न्यायिक समितिको कार्यक्षेत्रमा पर्ने रहेछ भनी निवेदन दर्ता गरी प्रक्रिया अगाडि बढाउँछौँ", गुरुङले भन्नुभयो, "हाम्रो कार्यक्षेत्रमा नपरेका उजुरी जिल्ला अदालत पठाउने गर्छौँ । कतिपय विवादमा प्रशासनको सहयोग लिनुपर्छ ।"

आँबुखैरेनी गाउँपालिकाले पनि मेलमिलापबाटै मुद्दाको टुङ्गो लगाउने गरेको छ । गाउँपालिकाले चालू आर्थिक वर्षमा आठ मुद्दा दर्ता भएकामा पाँच मेलमिलापबाट समाधान गरेको उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले जानकारी दिनुभयो । "दर्ता भएका मुद्दामा दुवै पक्षलाई राखेर छलफल गरेर विवाद समाधान गर्छौं", उहाँले भन्नुभयो । न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने मुद्दाको छिनोफानो न्यायिक समितिबाटै गर्ने गरेको र क्षेत्राधिकारभन्दा बाहिरका मुद्दा अदालत पठाउने गरेको श्रेष्ठले बताउनुभयो । न्यायिक समितिमा चार सदस्य र एक परामर्शदाता रहनुभएको छ ।

## Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara

# Invitation for Bids

**IFB No: 50/PMC/078-079**
**(First Date of publication: 2078/11/30)**

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara** invites online bids for NCB Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 130/PMC/NCB/W/078-79 | Construction of Compound wall and miscellaneous work at ward no 22, PMC - 22 | 3,000 | 77,000.00 | 26,35,762.77 | 120 days |
| 2 | 131/PMC/NCB/W/078-79 | Upgrading of Barelichowk Road, PMC - 33 | 3,000 | 1,03,000.00 | 36,00,493.94 | 120 days |
| 3 | 132/PMC/NCB/W/078-79 | Upgrading of Bhatkekochauki Lamgadi Road, PMC-33 | 3,000 | 82,500.00 | 28,99,701.06 | 120 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 03/28/2022 | 13:00 | 04/12/2022 | 17:00 | 04/13/2022 | 12:00 | 04/13/2022 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**